*Myagdi Guru*
[A Peer-Reviewed, Multidisciplinary and Multilingual Journal]
Volume 8, September 2025
p-ISSN 2645-8713; Indexed in NepJOL
http://myagdicampus.edu.np/myagdiguru/
MMC, Beni

*Research Article/ Literature and Criticism*

# गण्डकी प्रदेशका रत्यौली गीतमा नारीपहिचान

**रेखा रेग्मी**
नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनीबजार, नेपाल
**ORCID:** https://orcid.org/0009-0007-2298-0598

**Article History:** *Submitted 20 June 2025; Reviewed 4 July 2025; Revised 12 July 2025; Accepted 25 July 2025*

**Corresponding Author:** *Rekha Regmi,* **Email:** rekha@myagdicampus.edu.np

**Article DOI:** https://doi.org/10.3126/mg.v8i1.84197

**Copyright Information:** *Copyright 2025 © The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

## सार

प्रस्तुत लेखमा रत्यौली गीतमा नारीपहिचानको विश्लेषण गरिएको छ । पुस्तकालय, क्षेत्रकार्य र विद्युतीय सञ्चार माध्यमबाट सामग्री सङ्कलन गरिएको यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिको उपयोग गरिएको यस अध्ययनमा सङ्कलित सामग्रीमा निहित विषयवस्तुको विश्लेषणमा आधारित भई विषयवस्तुकेन्द्री विधिको उपयोग गरिएको छ। नारीवादमा अभिव्यक्त नारीपहिचानलाई सैद्धान्तिक आधारका रूपमा लिई अध्ययन गरिएको यस लेखमा पितृसत्ता, सत्तासम्बन्ध, तथा विभेद र प्रतिरोधलाई पहिचान अध्ययन गर्ने आधार बनाइएको । गण्डकी प्रदेशका रत्यौली गीतमा नारीपहिचानको स्वरूपलाई पितृसत्ताका कोणबाट अध्ययन गरिएको यस लेखमा सत्ताको केन्द्रमा रहेको पितृसत्ताका कारण नेपाली नारीको अवस्था अप्रतिनिधित्व, अपरिचयीकरण र किनारीकृत रहेको विषय अभिव्यक्त भएको छ । सामाजिक सम्बन्धअन्तर्गत उत्पादन पद्धतिमा पुरुषको नियन्त्रण एवम् नारीका कार्यलाई अनुत्पादक मान्ने संस्कृतिका कारण पुरुष सत्ताको केन्द्र र नारी किनारीकृत रहेको अन्तर्वस्तु सत्तासम्बन्धको आधार रहेको अभिव्यक्ति प्रस्तुत गरिएका गण्डकी प्रदेशका रत्यौली गीतामा अध्यात्मवादी पितृसत्तात्मक संस्कृतिबाट उत्पादित ज्ञानलाई स्वीकार गर्न बाध्य परिएका नारी तथा नारीमा निहित पितृसत्तात्मक ज्ञानका कारण विभेदको सिर्जना भएको विषयमा यस लेखमा विमर्श गरिएको छ ।

**शब्दकुञ्जी :** प्रतिनिधित्व, प्रतिरोध, पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, विभेद, सत्तासम्बन्ध

## विषयप्रवेश

प्रस्तुत लेख गण्डकी प्रदेशका रत्यौली गीतमा अभिव्यक्त नारीपहिचानको अध्ययनमा केन्द्रित छ । गण्डकी प्रदेश अन्तर्गत हिमाल, पहाड र तराईको भूभागमा फैलिएको एवम् प्रशासनिक विभाजनअनुसार मुस्ताङ, मनाङ, लमजुङ, गोर्खा, म्याग्दी, बागलुङ, पर्वत, कास्की, तनहुँ, स्याङ्जा र नवलपुर जिल्लालाई समेटिएको छ । नेपाली मौलिक संस्कृतिका दृष्टिले सम्पन्न यस प्रदेशमा लोकसंस्कृति, सम्पदा एवम् वाङ्मयको प्रचूरता रहेको छ । नेपाली संस्कृतिमा परम्परागत विवाहादि माङ्गलिक कार्यमा गाइने रत्यौली गीत - यस क्षेत्रमा श्रुतिमा जीवित र जीवन्त वाङ्मय हो । नेपाली संस्कृतिमा विद्यमान मौलिकतालाई प्रतिबिम्बन गर्ने यस गीतले समग्र नेपाली लोकसाहित्यमा विद्यमान गीतिविधाको प्रतिनिधित्व गरेको छ भने यी गीतमा प्रस्तुत गरिएको अन्तर्वस्तु नेपाली समाजमा गतिशील मूलधारको संस्कृतिका कारण सृजित लैङ्गिक दमनको वास्तविक चित्र प्रस्तुत गर्नका लागि सक्षम छन् । गण्डकी क्षेत्रमा प्रचलित रत्यौली गीतमा नारी पहिचान मुख्य शोधसमस्या चयन गरिएको यस लेखमा यस विषयको रिक्तता स्थापित गर्ने प्रयोजनका लागि यससम्बन्धी भएका पूर्वकार्यको समीक्षा गर्नु उपयुक्त हुन्छ ।

रत्यौली गीतका सम्बन्धमा गरिएका पूर्वाध्ययन नेपाली लोकसाहित्य, लोकगीत तथा लोकसंस्कृतिको अध्ययनका क्रममा गरिएका छन् । रत्यौली गीतका सम्बन्धमा श्रीकृष्ण अनुपम (२०६४) को नेपाली लोकगीतको अध्ययन पुस्तकमा यी हास्यरसप्रधान नारीकेन्द्री विषयलाई अभिव्यक्त गर्ने मौखिक परम्परामा आधारित गीत रहेको अवधारणाका माध्यमबाट गीतको परिचयीकरण गरिएको छ । गोविन्दराज भट्टराई (२०६६) को नेपाली साहित्यको परिचय पुस्तकमा यी गीत नेपाली समाजमा विद्यमान लैङ्गिक स्वभाव र समाजका प्रति महिलाको आन्तरिक दृष्टिकोण प्रस्तुत गर्ने माध्यम रहेको अवधारणा प्रस्तुत गरिएको छ । आलोकजङ्ग रानाभाट (२०६८) को गण्डकीका रत्यौली गीतहरू पुस्तकमा उनीद्वारा गण्डकी प्रदेशका रत्यौली गीतको सङ्कलनका क्रममा यी गीतको सामाजिक, सांस्कृतिक र मौखिक विशेषताका आधारमा यी नेपाली संस्कृतिलाई प्रतिबिम्बन गर्ने माध्यम रहेको अवधारणा प्रस्तुत गरिएको छ । राजन मुकारुङ (२०७०) को नेपाली लोकसंस्कृतिको पुनरावलोकन पुस्तकमा नेपाली समाजमा उत्पीडनको मारमा परेका नारीमनोविज्ञानलाई अन्तर्वस्तुका रूपमा चयन गरी नारीसमाजमा व्याप्त विषयवस्तु प्रस्तुत गरिने श्रुतिका रूपमा रत्यौली गीतको विवेचना गरिएको छ । रत्यौली गीतका विषयमा गरिएका यी प्रतिनिधि पूर्वकार्यले नेपाली समाजमा विद्यमान सत्ताको केन्द्रमा अवस्थित पितृसत्ता र यसले उत्पादन गरेको ज्ञानका कारण उत्पीडनमा परेको नारीसमाजको मनोविज्ञान तथा सत्ताका कारण दमन हुनुपरेको पीडाका अभिव्यक्ति रत्यौली गीतमा अभिव्यञ्जित अन्तर्वस्तु रहेको तथ्य प्राप्त हुन्छ । यी पूर्वकार्यले नेपाली समाजमा नारीपहिचान क्लान्त अवस्थामा रहेको विषयलाई प्रस्तुत गरे पनि यसलाई नारीपहिचानका आधारमा अध्ययन गरिएको छैन । नारीसमस्या र नारीमनोविज्ञानलाई प्रस्तुत गर्ने भाष्यका रूपमा श्रुतिमा जीवित र जीवन्त यी गीतलाई आधार सामग्रीका रूपमा लिई नारीपहिचानको अध्ययन गर्नका लागि शोधअन्तराल रहेको पुष्टि हुन्छ ।

पहिचान सांस्कृतिक सन्दर्भमा व्यक्ति, वर्ग, जाति,

लिङ्ग, भूगोल, भाषा, संस्कृति तथा तिनको आवाजलाई मूलधारसँग जोड्ने अनुशासन हो भने नारी पहिचान पितृसत्तात्मक संस्कृतिका कारण पुरुषमा अन्तर्निर्भर पहिचान तथा पहिचान विहीनताका कारण दमित अवस्थामा रहेका नारीको प्रतिनिधित्वको प्रक्रियासँग सम्बन्धित विषय हो । नारी पहिचानको विषय नारीवादी आन्दोलनको पहिलो धारबाट आरम्भ भई वर्तमानसम्म निरन्त गतिशील रहेको केन्द्रीय विषय हो । नारीपहिचानको मुद्धा नारीलाई अपरिचयीकरणतर्फ धकेल्ने पितृसत्तात्मक संस्कृति र अभ्यासको अन्त्य गरी सामाजिक र सांस्कृतिक अभ्यासको अन्त्य गरी जैविक निर्मितिका आधारमा प्रतिनिधित्वको प्रक्रियालाई संस्कृतीकरण गरिनुपर्छ भन्ने विषयमा केन्द्रित राजनीतिक विषय हो । पहिचानले नै व्यक्ति, समूह, जाति, लिङ्ग, भाषिक, भौगोलिक र राष्ट्रियतालाई परिचयन गरी तिनलाई मूलधारको संस्कृतिसँग जोड्ने भएकाले यो सामाजिक निर्मितिमा राजनीतिक विषय हो । राजनीतिक सिद्धान्त र विचारधाराका रूपमा बहुअनुशासनात्मक विशेषता भएको पहिचानको विषय कला, साहित्य तथा ज्ञानविज्ञानसँग सम्बन्धित व्यापक क्षेत्रका विस्तारित विषय हो । नेपाली समाजको पितृसत्तात्मक सांस्कृतिक निर्मिति तथा त्यसबाट सृजित अप्रतिनिधित्वको अभिव्यञ्जना गण्डकी प्रदेशका रत्यौली गीतमा अभिव्यञ्जित अन्तर्वस्तु हो । यस लेखमा गण्डकी प्रदेशका रत्यौली गीतमा नारीपहिचानलाई मुख्य समस्याका रूपमा चयन गरिएको छ ।

## समस्याकथन

प्रस्तुत लेखको मुख्य समस्या भन्नु नै गण्डकी प्रदेशका रत्यौली गीतमा नारीपहिचानको अध्ययन गर्नु हो । यस लेखमा नारीपहिचानको अध्ययन पितृसत्ता, सहसम्बन्ध तथा विभेदका आधारमा गरिएको छ । यस लेखमा मुख्य समस्याको निराकरणका लागि निम्न शोध्यप्रश्नलाई आधार बनाइएको छ :

(क) रत्यौली गीतमा पितृसत्ताको स्वरूप केकस्तो छ ?

(ख) रत्यौली गीतमा सत्तासम्बन्ध कसरी अभिव्यञ्जित छ ?

(ग) रत्यौली गीतमा विभेद किन प्रस्तुत गरिएको छ ?

उपर्युक्त शोध्यप्रश्नका आधारमा रत्यौली गीतमा अभिव्यञ्जित नारीपहिचानको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । यस लेखमा नेपाली संस्कृतिमा विवाहादि माङ्गलिक कार्यमा गाइने गीतमा अभिव्यञ्जित पितृसत्ता, सत्तासम्बन्ध, तथा विभेदको अध्ययन मात्र गरिएको छ । यसका अतिरिक्त अन्य पक्ष विषयगत सीमाङ्कन हुन् भने नारीवादी सिद्धान्तमा अभिव्यक्त पितृसत्ता, सत्तासम्बन्ध तथा विभेदका अतिरिक्त अन्य अवधारणा यसका सैद्धान्तिक सीमाङ्कन हुन् ।

## शोधविधि

प्रस्तुत लेखका लागि शोधविधिअन्तर्गत सामग्री सङ्कलन, विश्लेषण र सैद्धान्तिक आधार र अवधारणाका लागि निम्नानुसारको शोधविधि अवलम्बन गरिएको छ :

## सामग्री सङ्कलनविधि

प्रस्तुत लेखका लागि पुस्तकालय, क्षेत्रकार्य र विद्युतीय सञ्चार माध्यमबाट सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखमा प्राथमिक स्रोतका सामग्रीमा

विश्लेषणका लागि चयन गरिएका गीत हुन् । यी गीतहरू स्थलगत कार्यबाट सङ्कलन गरिएका छन् । यस लेखमा पुस्तकालयबाट सङ्कलन गरिएका द्वितीयक स्रोतका सामग्री अनुसन्धानको रिक्तता स्थापित गर्ने प्रयोजन तथा सैद्धान्तिक आधार र अवधारणा निर्माणका लागि सङ्कलन गरिएका पुस्तक, पत्रपत्रिका, शोधकार्यहरू हुन् । स्थलगत कार्यबाट सङ्कलित सामग्रीलाई त्यसमा अभिव्यक्त विषयमा आधारमा वर्गीकरण गरी तिनको विषयनिष्ठ व्वस्थापन गरी विश्लेषणका लागि उद्धरण चयन गरिएको छ ।

## सामग्री विश्लेषण विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रही तयार गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीलाई विषगत आधारमा तीन चरमा वर्गीकरण गरिएको छ । क्षेत्रकार्यबाट सङ्कलित सामग्रीलाई गीतमा अभिव्यक्त पितृसत्ता, सत्तासम्बन्ध तथा विभेदजस्ता तीन विषयगत एकाइमा वर्गीकरण गरी तत्तत् विषयसँग सम्बन्धित अंशलाई सम्बन्धित सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । नेपाली संस्कृतिमा विवाहादि माङ्गलिक कार्यमा नारीद्वारा गाइने गीतविशेषलाई पाठका रूपमा लिई तिनको विषयनिष्ठ विश्लेषण गरिने भएकाले प्रस्तुत लेख विषयवस्तु विश्लेषणकेन्द्री अनुसन्धान हो । यस लेखको सैद्धान्तिक आधार र अवधारणा नारीवादी दर्शनमा अभिव्यक्त नारीपहिचानमा आधारित छ ।

## सैद्धान्तिक आधार

पहिचान सांस्कृतिक अध्ययनले उठान गरेको केन्द्रीय विषय हो भने समाजमा क्रियाशील सामाजिक समूहसँग सम्बन्धित प्रत्येक राजनीतिक आन्दोलनमा यो केन्द्रीय मुद्दाका रूपमा प्रस्तुत हुने विषय हो । सामाजिक निर्मितिमा वैयक्तिक, सामाजिक, सांस्कृतिक, विचारधारात्मक एवम् राजनीतिक व्यक्तित्व निर्धारण गर्ने आधार पहिचान हो । पहिचान शक्तिसम्बन्धमा आधारित हुन्छ भने यसले सामाजिक समूहमा कसको वर्चस्व र अधिनस्थता छ भन्ने विषयको अध्ययन गर्दछ । पहिचान सामाजिक र सांस्कृतिक विमर्शका रूपमा शक्तिसम्बन्धका आधारमा सत्ताद्वारा निर्मित विचारधाराका आधारमा समुदायमा सञ्चरित विषय हो (डच्युरिङ, सन् १९९३, पृ. १४३) । पहिचानले नै व्यक्तिलाई सामाजिक र सांस्कृतिक व्यक्तित्व प्रदान गर्दछ । पहिचान मानिसको स्वत्व र स्वतन्त्रतालाई स्थिरीकरण गरी सांस्कृतिक भूमिका निर्धारण गर्ने माध्यम हो (चैतन्य, २०७०, पृ. १५९) । पहिचानका आधारमा नै मान्छेको सामाजिक र सांस्कृतिक भूमिका निर्माण हुने भएकाले यो सांस्कृतिक प्रतिनिधित्वको प्रक्रियाको केन्द्रीय विषय मानिन्छ । मान्छेले सामाजिक पक्षसँग कसरी सम्बन्ध राखेको छ भन्ने कुराको ज्ञान दिने अवधारणा पहिचान हो (रेगर, सन् २००७, पृ. १८१) । यसप्रकार पहिचानले समाजमा क्रियाशील सांस्कृतिक समूह र व्यक्तिबिचको अन्तर्सम्बन्धका आधारमा सांस्कृतिक व्यक्तित्व निर्माण गर्नका लागि भूमिका खेल्दछ ।

पहिचान सामाजिक समूहका बिच शक्तिसम्बन्धबाट निर्धारण हुने विषय हो । पहिचान व्यक्ति र समूहको निर्मिति तथा त्यसको परीक्षणसँग सम्बन्धित सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो (एड्गर र सेगविक, सन् २००४, पृ. १८३) । समाजमा क्रियाशील समूह नै पहिचानलाई सांस्कृतिक स्वरूप दिने आधार हुन् भने यिनको मूलधारको संस्कृतिसँगको विमर्शात्मक र द्वन्द्वात्मक सम्बन्धबाट

यसले गतिशीलता प्राप्त गर्दछ । सामाजिक संरचनामा मान्छेको वैयक्तिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिचयका साथै धार्मिक, जातीय, लैङ्गिक, भाषिक, राष्ट्रिय र संस्थागत भूमिकाका आधारमा पहिचानको निर्माण र निर्धारण हुन्छ (उप्रेती, २०६८, पृ. २७६) । सामाजिक निर्मिति कुन रूपमा भएको छ ? यसले कस्ता सामाजिक समूहका बिचमा सत्तासम्बन्धलाई प्रस्तुत गरेको छ ? मूलधारको संस्कृतिको प्रतिनिधित्व कसले गरेको छ ? त्यसका विचारधारात्मक संस्कृति के हुन् भन्ने विषयका आधारमा सत्ता र अधीनस्थ समूहबिचको सम्बन्धबाट पहिचानले सार्विक स्वरूप ग्रहण गर्दछ ।

पहिचानले समाजमा क्रियाशील रहेका किनारीकृत समूहलाई मूलधारको संस्कृतिसँग जोड्ने कार्य गर्दछ । समाजका मूलधारको संस्कृतिको दमनमा परेका र पहिचानविहीन बनेका समूहलाई मूलधारको संस्कृतिसँग जोड्ने विशेषता विद्यमान छन् । यो सामाजिक रूपमा मूलधारको विचारधाराका कारण किनारीकृत तुल्याइएका व्यक्ति र समूहलाई द्वन्द्वात्मक सम्बन्धका आधारमा मूलधारसँगै जोड्ने राजनीतिक पद्धति हो । समाज, संस्कृति, विचारधारा र राजनीतिक रूपले व्यक्तिको शारीरिक बनोट तथा उसले निर्वाह गर्ने सामाजिक भूमिकाका आधारमा निर्माण हुने सांस्कृतिक व्यक्तित्व नै पहिचान हो (बार्कर, सन् २००२, पृ. १८) । पहिचानले नै सीमान्तीय समूहलाई राजनीतिक पहिचान दिने भएकाले यो मूलधारको संस्कृतिभन्दा बाहिर रहेका नारी, लैङ्गिक अल्पसङ्ख्यक, अल्पसङ्ख्यक जाति, भाषा र संस्कृतिलाई पहिचान दिने पद्धति हो । पहिचान समाजमा क्रियाशील रहेका विभिन्न समूहको राजनीतिक प्रतिनिधित्व, समान अधिकार, समविकासको अवधारणाका साथै सबैलाई श्रोतको पहुँचसम्म पुऱ्याउने अवधारणामा आधारित विषय हो (लर्बर, सन् २००५, पृ. ३१५) । नारीवादले पितृसत्ताका कारण पुरुषमा अन्तर्निर्भर पहिचानको संस्कृतिका कारण उत्पीडनमा परेका नारीलाई प्रतिनिधित्वको प्रक्रियामा ल्याई लैङ्गिक स्वतन्त्रता, समता, समानाताका साथै समविकासलाई केन्द्रीय संस्कृतिसँग जोड्नुपर्ने विषयलाई आन्दोलनको मुख्य मुद्दा बनाएको छ । नारीवाद आफैमा  पहिचान हुनुका साथै यो समूहिको अन्तर्क्रिया निर्मित दर्शन, सिद्धान्त र अवधारणा हो  (रेगर, सन् २००७, पृ. १८१) । नारीवाद लैङ्गिक दृष्टिमा अपरिचयीकरणको मारमा परेका नारीलाई सम्मानित पहिचान दिलाउन सङ्घर्षरत आन्दोलन हो भने यसले नारीपहिचानलाई पहिलो प्राथमिकतामा राखेको छ । पहिचानसँग सम्बन्धित यस सैद्धान्तिक आधार र अवधारणाका आधारमा गण्डकी प्रदेशका रत्यौली गीतमा पितृसत्ताको दमनकारी संस्कृतिका कारण अधिनस्थ तुल्याइएका नारीको आवाज प्रस्तुत गरिएको छ । यी गीतमा अभिव्यक्त नारीपहिचानको विश्लेषण तलका सन्दर्भमा गरिएको छ ।

## नतिजा र विमर्श

नेपाली समाजमा विवाह संस्कारका विभिन्न स्वरूप, पद्धति एवम् प्रकारहरू विद्यमान छन् । नेपाली समाजमा विद्यमान माङ्गलिक कार्यमा गाइने गीतको मौलिक परम्परा पनि सांस्कृतिकताको अङ्ग बनेको छ । नेपालमा परम्परागत संस्कृतिका अन्तर्यमा सञ्चालन गरिने माङ्गलिक कार्यको आफ्नै मौलिक स्वरूप र विशेषता छन् भने ती कार्यविशेषमा विभिन्न प्रकारका गीतका माध्यमबाट तिनको सांस्कृतिक महत्त्वलाई जीवन्तता दिइएको

छ । नेपाली समाजमा विवाहादि माङ्गलिक कार्यमा नारीसमाजद्वारा गाइने रत्यौली गीतको पनि विशेष स्थान छ । नेपाली समाजको परम्परागत सांस्कृतिक निर्मितिअनुसार विवाहका लागि वरपक्षबाट वधूपक्षका घरमा परिवार र छरछिमेकी पुरुषहरू जन्तीका रूपमा प्रस्थान गरी सकेपछि त्यहाँका नारीहरू जम्मा भई खेलिने रत्यौली खेल र गाइने रत्यौली गीतको संस्कृति नेपाली समाजमा स्थापित विषय हो । आम नेपाली समाजमा विद्यमान यस संस्कृतिको प्रभाव गण्डकी प्रदेशमा पनि विद्यमान छ भने यहाँ रत्यौली खेल्दा गाइने गीतमा नारीकेन्द्री विषयको अभिव्यञ्जना भएको छ । यस क्षेत्रका रत्यौली गीतले नारीपहिचानको विषयलाई समूर्तन प्रस्तुत गरेका छन भने यी गीतमा पितृसत्ताका कारण विभेदमा परेका नारीका प्रतिनिधि आवाज प्रस्तुत गरिएको छ । लोकसाहित्यका दृष्टिले सम्पन्न प्रदेशका रूपमा चिनिने गण्डकी प्रदेशमा प्रचलनका रहेका रत्यौली गीतमा लैङ्गिक सत्ताको केन्द्रमा रहेको पुरुषको वर्चस्व तथा तिनबाट आधीन बनेका नारीका पीडाप्रद अवस्था सत्तासम्बन्धका रूपमा प्रस्तुत गरिएका छन् भने सत्ताप्रदत्त विचारधाराका कारण उत्पीडनमा परेका नारीआवाज प्रतिरोधका रूपमा प्रस्तुत भएको छ । यस लेखमा गण्डकी प्रदेशमा प्रचलित रत्यौली गीतमा पितृसत्ता, सत्तासम्बन्ध तथा विभेद र प्रतिरोधको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

## गण्डकी प्रदेशका रत्यौली गीतमा पितृसत्ता

पितृसत्ता पुरुषलाई संस्कृतिको मूलधारमा महिमामण्डित गरी पुरुषइतरको लैङ्गिक निर्मितिलाई दमन गर्ने सामाजिक संस्कृति हो । पुरुषलाई केन्द्रमा राखी निर्माण गरिएको संस्कृतिका रूपमा यो पुरुषइतरको सांस्कृतिक निर्मितिका लागि उत्पीडक सत्तासमेत हो । पितृसत्ता समाज व्यवस्थाको त्यस्तो ढाँचा हो जसमा सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुष मुखियाको अधीनमा रहन्छन् (पाण्डे, २०६९, पृ. ९) । पितृसत्ताले नारीका सम्पूर्ण विषयलाई नियन्त्रण गरी तिनमाथि आफ्नो अधिकार स्थापित गरेको छ । पितृसत्ताको शाब्दिक अर्थ पिता वा पुरुषको सत्ता अर्थात् सत्ता भन्ने अर्थमा सन्निविष्ट अर्थको अन्तर्वस्तु नै पुरुषमा केन्द्रीकृत असीमित अधिकारसहितको शक्ति र सत्ता हो (लर्नर, सन् १९८६, पृ. २३९) । समाज विकासका क्रममा पुरुषमा सत्ताको आगमन भएपछि नारीमाथि नियन्त्रण गर्ने सांस्कृतिक भाष्यको निर्माण भएको हो भने पितृसत्ता नै नारीपहिचानको प्रमुख ज्ञानमीमांसाका रूपमा स्थापित छ ।

समाजिक निर्मितिमा पितृसत्ताले सांस्कृतिक स्वरूप ग्रहण गरेपछि लैङ्गिक रूपमा हुने उत्पीडन, विभेद र किनारीकृत तुल्याउने संस्कृतिको स्थापना एवम् विकास भएको हो । पितृसत्ताको केन्द्रीय अवधारणा नै समाजका जुनसुकै तह र तप्कामा पुरुष सार्वभौम, शक्तिसम्पन्न, सर्वशक्तिमान, पूर्णव्यक्तित्व र प्रभुत्वशाली भूमिकामा रहन्छ भने पुरुषइतरको लैङ्गिक निर्मिति पुरुषमै अन्तर्निभर पहिचान, परावलम्बी एवम् किनारीकृत भूमिकामा प्रस्तुत भएका हुन्छन् (भासिन, सन् १९९८, पृ. ३-६) । नारीमाथि नियन्त्रण गर्ने संस्कृति निर्माण गरेको पितृसत्ताले परम्पराका नाममा नारीका कार्यलाई पुनरुत्पादनमा सीमित राखी विभेदको सिर्जना गरेको छ । बच्चा जन्माउने अधिकारसमेत पिता वा पुरुषमा प्रत्यायोजन भएपछि पारिवारिक सत्ताबाट नारीलाई अपदस्थ गरी नारीपुरुष समान शक्तिसम्बन्धको संस्कृतिबाट नारीको बहिर्गमनसँगै पुरुष

वर्चस्व र नारी पुरुषको कठपुतली बनाइएपछि पितृसत्ताले सांस्कृतिक स्वरूप प्राप्त गरेको हो (बुभायर, २०७५, पृ. ७१) । सांस्कृतिक रूपमा नारीको शरीर र मनोविज्ञानमा समेत आफ्नो नियन्त्रण राख्ने विचारधारात्मक संस्कृति नै पितृसत्ताको अन्तर्वस्तु हो । सिर्जनात्मक र मौखिक साहित्यमा गरिएको पितृसत्ताको अभिव्यञ्जना गण्डकी प्रदेशका रत्यौलीमा पनि अभिव्यक्त भएको छ। पितृसत्तात्मक संस्कृतिको अन्तर्वस्तुका रूपमा आमाद्वारा सस्नेह पालित नारीमानसिकतामा विद्यमान संशयका माध्यमबाट उत्पीडित रहेको कथ्यविषयलाई निम्नलिखित गीत्यांशले प्रतिबिम्बन गरेका छन् :

आऊ बस खाऊ भन्नु पर्छ
रुखमुनि बसे पो पात झर्छ ।
आमा छञ्जेल हो भन्छन् माइत
भाइले माया गर्ला नि मलाई त ।
किन हो साइँला दाइ
नबोलाई जानी मलाई त ।

(चन्द्रप्रभा सुवेदी, वर्ष ७९, बेनी नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा नारी परनिर्भर र पहिचानविहीन रहेको विषयलाई गीतका माध्यमबाट प्रस्तुत गरिएको छ । यस गीत्यांशको अन्तर्वस्तु विवाह भएर अर्काको घरमा गइसकेकी नारीलाई आमा जीवित रहुञ्जेल मातृसुख प्राप्त हुने तर आमाको मृत्युपछि पछिल्लो पिँढीद्वारा उत्पीडित नै हुनुपर्ने कथ्यका माध्यमबाट नारीले विवाह गरेर अर्केको चूल्होचौको र मेलापात तथा तिनकै सुश्रुषा गरेर जीवनयापन गर्नु पर्ने विषयलाई प्रस्तुत गरिएको छ। विवाह संस्था पितृसत्ताद्वारा निर्मित दमनकारी संस्कृतिको उत्कर्ष रहेको विषयलाई प्रस्तुत गरिएको यस गीत्यांशमा यही सांस्कृतिकताका कारण नारी जन्म घरमा पिता र दाजुभाइ तथा विवाहपछि पति र पुत्रको पहिचानमा बाँच्नुपर्ने विषयलाई प्रस्तुत गरिएको छ। सांस्कृतिक रूपमा नारी पुरुषमै अन्तर्निर्भर छन् तथा यही अन्तनिर्भरता नै नारीपहिचान रहेको पितृसत्तात्मक संस्कृतिको विचारधारा र अभ्यासको गीत्यात्मक प्रस्तुतीकरण भएको यस गीत्यांशमा पुरुष निरपेक्ष नारीपहिचान असम्भव रहेको विषयलाई केन्द्रीय पीठिकामा प्रस्तुत गरिएको छ। विवाह संस्थाको बाध्यकारी संस्कृतिका कारण विवाहका नाममा नारीलाई वैधानिक अपहरण गरी पहिचानविहीन तुल्याउने सांस्कृतिक अभ्यासको अभिव्यञ्जना गण्डकी क्षेत्रमा प्रचलित निम्नलिखित रत्यौली गीतमा अभिव्यक्त भएको छ :

रमाइलो दुल्हाको घर
आमा एक्लै रोइहोलिन् बिचरा ।
भन्थ्यौ आमा यो छोरी मेरै हो
हाम्ले लग्यौं हेरेको हेर्‍यै भो ।

(भवानी अधिकारी, वर्ष ५२, पुतलीबजार नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा पारिवारिक पितृसत्ताको सांस्कृतिक अभ्यासका कारण नारीले विवाहपछि अर्काकै घरमा जानुपर्ने विषयलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजव्यवस्थामा नारीका सम्पूर्ण पक्ष पुरुषमा आश्रित छन् । जैविक निर्मितिअनुसार पुनरुत्पादन शक्ति नारीमा विद्यमान भए पनि त्यसमाथि सांस्कृतिक अधिकार पुरुषको रहेको विषयलाई प्रस्तुत गर्ने यस गीत्यांशमा नारीले विवाहपछि अर्केको घरमा जानै पर्ने तथा उसकी जन्मदायिनी भएर पनि आमाले मौनता साँध्नै पर्ने विषयलाई प्रस्तुत गरिएको छ । नारीले प्राप्त गरेका जैविकीय र प्राकृतिक अधिकार पनि पुरुषमै निहित रहेको विषयलाई प्रस्तुत

गर्ने यस गीत्यांशमा नारीका आवेग, संवेग र शरीरसमेत पुरुषकै आधिकार क्षेत्र रहेको तथ्यलाई प्रस्तुत गरिएको छ। सांस्कृतिक रूपमा नेपाली नारीको जीवन पुरुषकै नियन्त्रण तथा पहिचानमा निर्भर रहेको कथ्यका माध्यमबाट सांस्कृतिक रूपमा स्त्रीभूमिका तथा कार्य सम्पूर्णतः अधिनस्थ समूहको पहिचान प्राप्त रहेको विषयलाई यस गीत्यांशले प्रस्तुत गरेको छ । आफ्नो शरीर तथा अनुभूतिमा समेत पुरुषकै आधिपत्यलाई स्वीकार गर्न बाध्य नारी वास्तविकतामा पहिचानविहीन रहेको विषय नै यस गीत्यांशको अन्तर्वस्तु बनेको छ। गण्डकी प्रदेशमा प्रचलनमा रहेका लोकसांस्कृतिक धरोहरका रूपमा जीवित र जीवन्त रहेका रत्यौली गीतमा परम्परागत रुढ मान्यताका विरुद्धमा आफूलाई प्रस्तुत गर्ने नारीआवाजको प्रस्तुति निम्नलिखित गीतिअंशमा भएको छ :

सौतामाथि के जानू जानाजान
यौटा सिरक दुईतिर तानातान ।
जहाँ बसम्ला उहीँ आगो फुकम्ला
पोखरामा सेती झैँ लुकम्ला ।

(लक्ष्मी आचार्य, वर्ष ४९, पोखरा-लेखनाथ महानगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा सामाजिक निर्मितिअनुसार नारी पुरुष सहअस्तित्वको विषयलाई स्वीकार नगर्ने नारीमा निहित पितृसत्ताको चित्रण गरिएको छ । प्रस्तुत गीत्यांशकी प्रस्तुतकर्ता नारी हो भने उसले आफ्ना लागि चयन गरेको पुरुष विवाहित छ । विवाहित पुरुषसँग प्रेम गर्नु नारी दृष्टिकोणमा परम्परागत पितृसत्ता विरोधी अभिव्यक्ति रहे पनि पत्नी हुँदाहुँदै दोस्री नारीलाई प्रेमिका वा पत्नीकै रूपमा स्वीकार गर्ने पुरुषको नारीप्रति कुनै सम्मान नरहेको तथा नारीलाई केवल भोग्याका रूपमा उपभोग गर्ने पुरुष मनोविज्ञान र संस्कृतिलाई प्रतिबिम्बन गर्ने यस गीत्यांशमा नारीजीवन पुरुषको वासनापूर्तिका लागि भएको तथा पितृसत्ताको यही ज्ञानलाई अभ्यन्तरीकरण गरेका नारीहरू आफैविरुद्ध पुरुषको पक्षधर बनेको विषयलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक ज्ञानको गहिरो सांस्कृतिक छाप परेका नारी आफ्नो पहिचानलाई बिर्सेर पुरुषकै पिछलग्गु बनेका तथा नारी नै नारीपहिचानको बाधक बनेको सांस्कृतिक सन्दर्भलाई प्रस्तुत गर्ने यस गीत्यांशमा पितृसत्ताको केन्द्र पुरुष मात्र नभई नारीमा पनि विद्यमान रहेको पक्षको पृष्ठपोषण भएको छ। गण्डकी क्षेत्रका रत्यौली गीतमा अभिव्यक्त भएको पुरुषको नारीलाई भोग्याका रूपमा उपभोग गर्ने चेतना नारीमा पनि विद्यमान रहेको विषय पितृसत्ताले निर्माण गरेको केन्द्रीय विषयको पुष्टि हो । यस प्रदेशका रत्यौली गीतमा अभिव्यक्त निम्नलिखित गीतीअंशमा नारी सांस्कृतिक रूपमा पहिचानविहीन वस्तु रहेको विषयलाई प्रस्तुत गरिएको छ :

आमा म रुँदै जानी
कोल्टे परेको तामदानी ।
घर उज्यालो हुन्छ कि बाबाको
तल बत्ती निभेको आगाको ।
धुरुधुरु नरोई न मन
टाढा भयो माइतीको आँगन ।

(सरिता शर्मा, वर्ष ४५, बेनी नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा छोरीले वैवाहिक सम्बन्धलाई अनिवार्य स्वीकार गर्नैपर्ने तथा आफ्नो घर छाडेर अर्काको चूह्लोचौको गर्नैपर्ने विषयलाई अन्तर्वस्तुका रूपमा समावेश गरिएको छ । नारीलाई अनिच्छित विवाह गर्नुपर्ने, विवाहपछि जबर्जस्ती अन्य पुरुषको घरमा जानै पर्ने संस्कृति निर्माण गरेको पितृसत्ताले नारीमाथि

सुनियोजित नियन्त्रण गर्नका लागि यस्तो संस्कृति निर्माण गरेको तथा यसलाई नारीले नियतीवस स्वीकार गर्नैपर्ने सांस्कृतिकता सिर्जना गरेको विषयलाई प्रस्तुत गरिएको यस गीत्यांशमा नारी विवाहका नाममा बेचिने वस्तु रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । पितृसत्ताका कारण अप्रतिनिधित्व र अपरिचयीकरणमा परेका नारी विवाहसंस्थाका कारण सम्पूर्णतः वस्तुकरण गरिएको नेपाली समाजको अन्तर्यलाई प्रस्तुत गर्ने यस गीत्यांशमा समाजमा विद्यमान व्यवस्था र सांस्कृतिक रूपान्तरण भए पनि पितृसत्ताको केन्द्री वर्चस्व यथावत् रहेको यथार्थ प्रतिबिम्बन भएको छ । जैविक निर्मितिका रूपमा नारी-पुरुष पहिचानमाथि नियन्त्रण गर्ने पितृसत्तात्मक संस्कृति र विचारधाराका कारण नेपाली नारीहरू सांस्कृतिक रूपमा वस्तुवत् बेचिने यथार्थलाई प्रस्तुत गर्ने यस गीत्यांशमा पुरुष सत्तासीन तथा नारी पहिचानविहीन अधिनस्थ समूहको प्रतिनिधि रहेको विषय केन्द्री भावभूमिका रूपमा प्रस्तुत गरिएको छ । नारीका लागि जीवनको पृष्ठाधार तयार गर्ने भूमि र क्षेत्र नै पितृसत्ताका कारण बिरानो हुने विषयको अभिव्यञ्जना गण्डकी प्रदेशमा गाइने निम्नलिखित गीतिअंशमा अभिव्यक्त भएको छ :

माइतीघर के छ र मेरो
खाइयो पानी बिर्सिइयो पँधेरो ।
आमाले भनेको माने
छोरी भने बुहारी नठाने ।

(शकुन्तला शर्मा, वर्ष ५४, बाग्लुङ नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा सामाजिक संस्कृतिको केन्द्रीय विचारधारा र अभ्यासका रूपमा रहेको पितृसत्ताका अतिरिक्त पारिवारिक सत्तामा पुरुष वर्चस्वका कारण नारी जन्मने र हुर्कने प्राकृतिक प्रक्रियाका अतिरिक्त सम्पूर्णतः पुरुष नियन्त्रित र पुरुषकेन्द्रको आधीन पहिचान प्राप्त जैविक समूह रहेको विषयलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा विद्यमान संस्कृति अध्यात्मवाद अनुप्राणित पितृसत्तात्मक रहेको तथा परम्परागत रूपमा छोरीलाई कन्यादान गरे पिता र पितृको परलोक सुविस्ताजनक हुने अन्धविश्वासका कारण आफू र आफन्तलाई भुल्न बाध्य नारीको संवेदना प्रस्तुत गरिएको यस गीत्यांशमा नारी पुरुषको भोग, वासनाका अतिरिक्त अन्धविश्वासका कारण पहिचानविहीन बनेको विषयलाई प्रस्तुत गरिएको छ । नारी आफूले जन्मजात र आनुवंशिक रूपमा प्राप्त गरेको समाज र संस्कृतिलाई त्याग्न बाध्य पारिएकी तथा आफूभिन्न संस्कृतिलाई आत्मसात गरी अर्कैको पहिचानलाई आफ्नो सर्वश्व मान्न बाध्य तुल्याइएको नेपाली सामाजिक र सांस्कृतिक सन्दर्भको जडतालाई अभिव्यञ्जित गर्ने यस गीत्यांशमा नारी पुरुषमै केन्द्रित पहिचानका कारण अप्रतिनिधित्वमा रहेको तथा मूलधारको संस्कृतिबाट किनारीकृत तुल्याइएको अन्तर्वस्तु प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशमा प्रचलित रत्यौली गीतमा पितृसत्ताको वर्चस्वका कारण पहिचानविहीन तुल्याएका नारीको विषयलाई निम्नलिखित गीत्यांशमा अभिव्यक्त भएको छ :

पैला घर हेरेनौ मेरा दाइ
ऐले भन्छौ बहिनीले दुःख पाई ।
हे दिदी काँ जाने साइत
आमा छञ्जेल छोरीको माइत ।
बोलाउँदा बोलेन भाइ त
के भनेर जानी हो म माइत ।

(लक्ष्मी रेग्मी, वर्ष ७३, बेनी नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा नारी सामाजिक निर्मितिमा आफ्नो निर्णय दिन नसक्ने तथा आफ्नै जीवनका लागि पनि पुरुषमा निर्भर रहनु पर्ने सांस्कृतिकताबाट पीडित रहेको विषका माध्यमबाट नेपाली समाजमा पितृसत्ताको जड कहाँसम्म विस्तारित छ भन्ने पक्षलाई अभिव्यक्त गरिएका छ । नारीका लागि पुरुषले नै निर्णय गर्ने संस्कृति रहेको नेपाली समाजमा पुरुषकै निर्णयका कारण नारीजीवन सङ्कटग्रस्त र अपरिचयीकरणको मारमा पर्ने विषयलाई केन्द्रीय पीठिकाका रूपमा प्रस्तुत गरिएको यस गीत्यांशमा नारी आफ्नै नियती लिएर बाँच्न बाध्य रहेको तथा उसमाथि थुपारिएको सांस्कृतिक विभेद उसको जीवनसँगै अन्त्य हुने सांस्कृतिकतालाई अभिव्यक्त गरिएको छ । विवाहेतर जीवनमा नारीमाथि गरिने अत्याचार, विभेद तथा वञ्चितीकरणको जिम्मेवार नारी स्वयम् नै हुनुपर्ने पितृसत्तात्मक संस्कृतिको सामाजिक अभ्यासका कारण नेपाली नारी किनारीकृत भएरै बाँच्नुपर्ने यथार्थको प्रतिविम्बन गरिएको यस गीत्यांशमा सांस्कृतिक सत्ताको केन्द्रमा विद्यमान पितृसत्ता नारी अनुभूति, अनुभव, मनोविज्ञान र नारीका जैविकीय प्राप्तिमाथि नियन्त्रण र आधिपत्य स्थापित गरी नारी मूल्यविहीन वस्तु रहेको सामाजिक यथार्थलाई प्रस्तुत गरिएको छ । नेपाली समाजको अध्यात्मवादी पितृसत्तात्मक संस्कृतिद्वारा नारीमाथि नियन्त्रण गर्नका लागि निर्माण गरेका विधानका कारण पहिचानविहीन बनेका नारीअवस्थाको प्रस्तुति गण्डकी प्रदेशमा गाइने रत्यौली गीतमा अभिव्यक्त भएको छ । यस प्रदेशमा गाइने रत्यौली गीतमा सांस्कृतिक निर्मितिका रूपमा पुरुषलाई सत्ताको केन्द्रमा राखी अधिनस्थ समूहका रूपमा नारीभूमिकालाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको सत्तासम्बन्धको अभिव्यञ्जना पनि मुख्य विषयका रूपमा आएका छन् ।

## गण्डकी प्रदेशका रत्यौली गीतमा सत्तासम्बन्ध

नारीवादमा सत्तासम्बन्धको अभिप्राय सामाजिक निर्मितिबाट निर्धारित भूमिकाका आधारमा केन्द्र र किनाराका समूहबिच विद्यमान वर्चस्व र अधिनस्थतासँग सम्बन्धित सांस्कृतिक सम्बन्ध हो । सत्तासम्बन्धको अवधारणा एन्टोनियो ग्राम्सीद्वारा अघि सारिएको राजनीतिक विषय हो भने नारीवादमा यसको प्रवेश उत्तरआधुनिकतावादी दर्शन र सिद्धान्तको विकाससँगै भएको हो । सत्तासम्बन्ध सामाजिक संरचनामा रहेका सम्भ्रान्त र किनारीकृत समूहबीचको विचारधारात्मक अथवा सांस्कृतिक सम्बन्ध हो (ग्राम्सी, सन् १९७१, पृ. ३७९) । सामाजिक र सांस्कृतिक निर्मितिमा को सत्ताको केन्द्रमा तथा को अधीनस्थ सीमान्तीय समूहको कित्तामा छन् भन्ने विषयको अध्ययन सत्तासम्बन्धले गर्दछ । सत्तासम्बन्ध आफैंमा विचारधारात्मक संस्कृति रहेकाले यो सामाजिक संरचनामा कसरी फैलिएको छ भन्ने विषय नै यसले अध्ययन गर्ने मुख्य क्षेत्र हो । सामाजिक संरचना वा राज्य संरचनामा विचारधारात्मक प्रणालीअनुसार स्थापित प्रभुत्व र अधीनस्थताका आधारमा निर्मित सांस्कृतिक स्वरूप नै सत्तासम्बन्ध हो ((ग्राम्सी, सन् २००६, पृ. १५) । समाजमा सत्ताका अनेक तह क्रियाशील रहन्छन् भने तिनका बिचमा हुने पारस्परिक सम्बन्ध कसरी द्वन्द्वात्मक छ भन्ने विषयको खोजी सत्तासम्बन्धका आधारमा गरिन्छ ।

सत्तासम्बन्ध सामाजिक निर्मितिमा शक्ति कसको हातमा छ ? तथा त्यसको प्रयोग विचारधारात्मक र सांस्कृतिक सन्दर्भमा कसरी गरिएको छ

भन्ने पक्षका आधारमा वर्चस्व र अधीनस्थ समूहबिचको पारस्परिक सम्बन्धलाई खोज्ने विषय हो । सत्ता सामाजिक संरचनामा शक्ति र शक्तिसम्बन्धका आधारमा प्रभुत्व स्थापित गर्ने सामाजिक समूहको पारस्परिक सम्बन्ध तथा त्यसको प्राप्ति प्रक्रियासँग सम्बन्धित रहन्छ (बार्कर, २००४, पृ. ८४) । सत्ताको आधारभूत अभिलक्षण भन्नु नै यसमा विद्यमान दमनकारी विचारधारा हो । दमनबाट सिर्जना हुने द्वन्द्व तथा त्यसको विचारधारात्मक समाधानबाट सत्तासम्बन्धको विषयले सांस्कृतिक रूप ग्रहण गर्दछ । सत्तासम्त्रन्ध सामाजिक संरचनामा वर्चस्वशाली र अधिनस्थ बीचको सम्बन्धबाट निर्धारण हुने विषय हो (टोलान, सन् २००६, पृ. ३११) । समाजको निर्मिति अनेक प्रकारका समूह, उपसमूह तथा एकाइबाट हुने भएकाले यो सत्ताकेन्द्र र सीमान्तीय समूहका बिचमा क्रियाशील सम्बन्ध मात्र नभई यो व्यक्ति, समुह, समुदाय, एकाइ, उपसमूह तथा समूहका बिचमा अभ्यास गरिने शक्तिमा आधारित विषय हो । गण्डकी प्रदेशमा प्रचलनमा रहेका रत्यौली गीतमा सत्ताको केन्द्रमा विद्यमान पितृसत्ता तथा त्यसलाई अङ्गीकार गर्ने पुरुष र नारीसमाजमा व्याप्त सत्तासम्बन्धको अभिव्यञ्जना गरिएको छ । यस प्रदेशका रत्यौली गीतमा सम्पूर्ण पितृसत्ताका सांस्कृतिक र विचारधारात्मक वृत्तिलाई नारीद्वारा ग्रहण गरिएको विषय निम्नलिखित गीतिअंशमा अभिव्यक्त भएको छ :

बाबु/माया सानै पो थियो
लाहुर मै जानी बेलैमा ।
म भन्दा झन सानो भाइले
झपझप जुलफी पालेको ।
झलल बिजुली बत्ती
ल्याइपुग्यो बाबुले श्रीमती ।

(गङ्गाजमुना पौडेल, वर्ष ८२, कुस्मा नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा नेपालीहरूमा संस्कृति बनिसकेको लाहुरे जीवनशैलीका अन्तर्यमा नारी र पुरुषबिचमा सत्ता र अधीनस्थ समूहको सांस्कृतिक पहिचान रहेको विषयलाई प्रस्तुत गरिएको छ । यस गीत्यांशमा सानै छँदा लाहुरेले छोडेर गएको बालक उताबाट फर्किंदा जुल्फीवाल र विवाहयोग्य भई बुहारी ल्याउन सक्षम भएको वाच्यार्थका माध्यमबाट नेपाली समाजमा पुरुषलाई विवाह गर्नका लागि निश्चित उमेर र हदम्याद नलाग्ने सांस्कृतिक सन्दर्भलाई प्रस्तुत गरिएकोछ । नारीलाई बुहारीका रूपमा घरमा भित्र्याउने सांस्कृतिक प्रथाद्वारा सञ्चालित नेपाली समाजमा पुरुष नारीको घरमा ज्वाईं भएर प्रवेश गर्ननसक्ने पितृसत्तात्मक विचारधाराको प्रतिनिधि पुरुष नारीलाई आफ्नै घरमा ल्याउन सक्षम रहेको विषयवस्तु प्रस्तुत गरिएको यस गीत्यांशमा नेपाली समाजमा विद्यमान बहुलतालाई प्रतिबिम्बन गर्ने जुनसुकै संस्कृति भए पनि विवाह संस्थाले निर्धारण गरेका मान्यताका आधारमा पुरुषकै घरमा जानै पर्ने कथ्य अभिव्यञ्जित छ । नेपाली समाजका पुरुष नारीका घरमा गएर जीवनयापन गर्न नसक्ने तर नारीले नै पुरुषको घरमा जानै पर्ने सांस्कृतिक र विचारधारात्मक अवस्थालाई प्रस्तुत गर्ने यस गीत्यांशमा बहुजातीय र भाषिक र सांस्कृतिकताको प्रतिनिधित्व गर्ने नेपाली समाजमा वर्चस्वशाली केन्द्रमा पुरुष तथा किनारीकृत समूहमा नारी रहेको सत्तासम्बन्धलाई प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशका रत्यौली गीतमा नारीलाई कमजोर, शक्तिहीन र परतन्त्री मान्ने सांस्कृतिकताका कारण नारी दमित र किनारीकृत रहेको

विषयलाई निम्नलिखित गीतिअंशले प्रस्तुत गरेका छन् :

आमाले बालेको दियो
बुहारीले तेल थपे हुन्थियो ।
पोखरामा किनेको ऐना
दिदी भन्दै रो'होलान् भाइबहिना ।

(लक्ष्मी रेग्मी, वर्ष ७३, बेनी नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीतिअंशमा नेपाली समाजको सांस्कृतिक निर्मितिमा पुरुषको वर्चस्व तथा नारीलाई किनारीकृत निर्मितिका रूपमा प्रस्तुत गरिएको छ । यस गीतको सम्बोधकको भूमिकामा रहेकी नारीले परम्परालाई निर्वाह गर्ने नाममा पितृसत्ताले उत्पादन गरेका ज्ञानलाई अभ्यन्तरित गरेको तथा आफ्नी आमाले जुन सांस्कृतिक निर्मितिलाई आत्मसात् गरी जीवन निर्वाह गरेकी हुन् सोही वृत्ति बुहारीले पनि गरोस् भन्ने कथ्यको अभिव्यक्ति पुरुषलाई वर्चस्वशाली शक्तिकेन्द्रका रूपमा स्थापना गरी नारी तिनको अधीनस्थ रहन तयार रहेको विषयलाई प्रस्तुत गरिरहेकी छ । पितृसत्ता पुरुषमा मात्र नभई यो नारीमा झन् विकसित अवस्थामा रहने विषयलाई गीति कथनका माध्यमबाट सत्यापित गरिएको यस गीत्यांशमा सांस्कृतिक निर्मितिमा पुरुष सदैव महिमामण्डित रहने तथा नारीले तिनको सेविकाको भूमिकामा जीवन व्यतित गर्नुपर्ने कथ्यलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको छ । नारीमा निहित पितृसत्ता परस्तताका कारण सामाजिक र सांस्कृतिक रूपमा नरी किनारीकृत समूहकै पहिचान प्राप्त रहेको कथ्यसन्देश प्रस्तुत गरिएको यस गीत्यांशमा नेपाली समाज र सांस्कृतिकतामा नारी नारीद्वारा नै अधीनस्थ तुल्याइएको विषयलाई सत्तासम्बन्धका रूपमा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशमा प्रचलित रत्यौली गीत नारीपहिचानको विषयलाई सत्तासम्बन्धका आधारमा अभिव्यक्त गर्न समर्थ्य रहेको विषयलाई यस गीत्यांशले प्रमाणित गरेको छ भने यही अभिलक्षणको अभिव्यञ्जना निम्नलिखित गीतिअंशमा पनि प्रस्तुत भएको छ :

हिजोसम्म हातैको सिरानी
आजदेखि हुँदैछु बिरानी
हे माया म कसो गरूँ
तिम्रो भर परूँ कि नपरूँ ?

(जमुना पोखरेल, वर्ष ५४, कुस्मा नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा सत्ताकेन्द्री विचारधाराका कारण किनारीकृत तुल्याइएकी नारीआवाजका माध्यमबाट सांस्कृतिक र विचारधारात्मक रूपमा नेपाली नारी दमित र अधिनस्थ तुल्याइएको विषयलाई प्रस्तुत गरिएको छ । यस गीत्यांशमा नेपाली समाजमा नारीले कुनै पनि इच्छित विषयलाई प्राप्त गर्ननसक्ने तथा आफ्नो आकाङ्क्षालाई पूर्ति गर्ने मार्ग अवलम्बन गर्दा समाज र सांस्कृतिबाटै बहिष्कृत हुनुपर्ने विषयका माध्यमबाट नेपाली नारीलाई स्वनिर्णयको अधिकारसमेत नरहेको वस्तुता प्रस्तुत गरिएको छ । नेपाली समाजमा विद्यमान पितृसत्ताका कारण नारीहरू अपरिचयीकरण र अप्रतिनिधित्वका अतिरिक्त अनास्तित्वको परिवेशबाट गुज्रिरहेको यथार्थलाई गीतिकथनको स्वरूप दिइएको यस अंशमा परम्परा र संस्कृतिसँग अन्तर्विरोध गर्ने नारी सांस्कृतिक रूपमा समाजमा स्थापित हुनुको साटो उसको अस्तित्व नै नामेट हुने तथा उसको निर्णय समाजका लागि स्वीकार योग्य नमानिने अन्तर्वस्तु प्रस्तुत गरिएको यस गीत्यांशमा नेपाली समाजको सांस्कृतिक निर्मिति पुरुष वर्चस्व र नारी अधीनस्थ समूहकै

पहिचान प्राप्त रहेको विषय केन्द्रीय पीठिकामा प्रस्तुत गरिएको छ। गण्डकी क्षेत्रमा प्रचलनमा रहेका रत्यौली गीत मानवीय संवेदनालाई प्रतिबिम्बन गर्ने विषयमा मात्र आधारित नभई यी समाजमा विद्यमान असमानतालाई चिर्दै लैङ्गिक समता र समानताका विषयलाई पनि प्रतिविम्बन गर्न सक्षम रहेको विषयलाई निम्नलिखित गीतिअंशमा प्रस्तुत कथ्यले पुष्टि गर्दछन् :

भाइले खानी दुध मैले खाइनँ र ?
भाइलाई अंश मेरो केही हैन र ?
दाइ गयो म जान पाइनँ
फूल भरेको पुतली रेलैमा ।
दाइ तिमी अंशैको धनी
म बहिनीले कहाँ गई माई खानी ।
हे बाबा म कता जानी हो
तिम्रो कोदो म पिसी खानी हो ।

(सीता तिवारी, वर्ष ४८, सुन्दरबजार नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीतिअंशमा नारी र पुरुष जन्मसिद्ध शासक र शासित भएरै जन्मने विषयका माध्यमबाट सत्तासम्बन्धलाई प्रस्तुत गरिएको छ । यस गीत्यांशमा छोरी भएर जन्मनु नै श्रापित रहेको तथा यसलाई सांस्कृतिक दमन गर्नका लागि पितृसत्तात्मक सांस्कृतिक निर्मिति कारक रहेको तथा नेपाली समाजले अवलम्बन गरेको सांस्कृतिकताका कारण छोरी किनारीकृत पहिचानमै सीमित रहेको विषयलाई प्रस्तुत गरिएको छ । अध्यात्मवादी परम्परागत पितृसत्तालाई अङ्गीकार गर्ने नेपाली समाजमा इहलोकमा शान्ति तथा परलोकमा मोक्षको कामनाका कारण छोरीप्रतिको दृष्टिकोण सम्पूर्णतः विभेदयुक्त रहेको विषयका माध्यमबाट यस गीत्यांशमा नेपाली नारीको वास्तविकता भन्नु नै जन्म घरमा पिता र भाइ तथा विवाहपछि पति र पुत्रको आधीन भएर बाँच्नुपर्ने अवस्थालाई प्रस्तुत गरिएको छ । यस गीत्यांशमा प्रस्तुत गरिएको विषयले नेपाली समाजमा नारीको अवस्था अध्यात्मवादी पितृसत्ताका कारण दमित र विभेदीकृत रहेको विषयको पुष्टि हुन्छ भने वर्चस्वशाली सत्ताका रूपमा पुरुष नै महिमामण्डित भएको कथ्यसन्देश प्रस्तुत गरिएको छ । यस गीत्यांशमा प्रस्तुत अन्तर्वस्तुका आधारमा गण्डकी प्रदेशमा गाइने रत्यौली गीत विषयगत रूपमा मनोरञ्जन प्रदान गर्ने श्रुति मात्र नभई यी नारीपहिचानको आवाजलाई सशक्त रूपमा प्रस्तुत गर्ने माध्यम बनेको पुष्टि हुन्छ । यस प्रदेशमा माङ्गलिक कार्यविशेषमा गाइने निम्नलिखित गीतिअंशमा नारीनारीबिचको सत्तासम्बन्धका माध्यमबाट नेपाली समाजमा विद्यमान पितृसत्ताको स्वरूपलाई प्रस्तुत गरिएको छ :

भोलि ब्यानै उठेर घर'कसेर बढार
एकलाख नभै त दिन्नँ भँडार ।

(कमला देवकोटा, वर्ष ५६, पालुङटार नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा नारीनारीबिचको सत्तासम्बन्धको अभिव्यञ्जनालाई केन्द्रीय विषयका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो परिवारलाई त्यागेर विवाहसंस्थाले निर्माण र निर्धारण गरेको सांस्कृतिकतालाई अवलम्बन गरी अर्काको घरमा प्रवेश गरेकी नवविवहिता दुलही तथा उसमाथि प्रभुत्व जमाउने मनसायका साथ दमनकारी भूमिकामा आफूलाई प्रस्तुत गर्ने नन्दबिचको सत्तासम्बन्धको अभिव्यक्ति यस गीत्यांशको संरचना निर्मिति हो । आज विवाह गरेर आएकी भाउजूलाई दमन गर्ने नन्द आफ्नो आगतका विषयमा अनभिज्ञ रहेरै पनि भाउजूमाथि सत्ता स्थापित गर्न उद्दत

रहेको सन्दर्भका माध्यमबाट समाजमा पुरुषमा मात्र नभई नारीमा पनि पितृसत्ता जब्बर भएर बसेको विषय प्रस्तुत गर्ने यस गीत्यांशमा नेपाली समाजमा नारीमाथि दमन गर्ने तथा किनारीकृत तुल्याउनका लागि पुरुषभन्दा शक्तिशाली भूमिकामा नारीको प्रतिनिधित्व रहेको तथ्यलाई प्रतिबिम्बन गरिएको छ । सांस्कृतिक निर्मितिमा नारी दमनका कारक नारी नै हुन्छन् भन्ने गीति अन्तर्वस्तु प्रस्तुत गरिएको यस अंशमा पुरुषलाई शक्तिशाली तुल्याउने नारीका कारण सिङ्गो नारीसमाज किनारीकृत बनेको यथार्थको प्रतिबिम्बन भएको छ । गण्डकी प्रदेशमा गाइने रत्यौली गीत मनोरञ्जनका बाहक मात्र नभई यी नारीलाई मूलधारको संस्कृतिसँग जोड्न आह्वा गरिरहेको विषयलाई यस गीत्यांशले पुष्टि गरेको छ भने उत्पादन सम्बन्धमा नारीका कार्यलाई अस्वीकार गर्ने पितृसत्तात्मक संस्कृतिका कारण सीमान्तीय तुल्याइएका नारीका अन्तर्व्यथा निम्नलिखित गीतिअंशमा अभिव्यक्त भएको छ :

मरीमरी गर्दा नि घरको काम
क्यै बिग्रिए लिई हाल्छन् मेरै नाम ।
देउरालीलाई चढाउनी पाती
जति राम्रो गरे नि नजाति ।

(मोक्षदा ढकाल, वर्ष ४७, व्यास नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा सांस्कृतिक निर्मितिमा उत्पादन प्रणली, वितरण र उपभोगको संस्कृतिमा नारीका कार्यलाई अनुत्पादक मान्ने सांस्कृतिकताका माध्यमबाट सत्तासम्बन्धलाई प्रस्तुत गरिएको छ । यस गीत्यांशमा नारीलाई पुनरुत्पादनमा सीमित गरी उत्पादन र वितरणमा आफूलाई केन्द्रमा स्थापित गरेको पितृसत्ताले नारीले सम्पन्न गर्ने श्रमकार्यलाई उत्पादन प्रणालीसाग नजोड्नु तथा नारीका असीमित कार्यलाई अनुत्पादक मान्ने संस्कृतिका कारण नारी किनारीकृत नै रहने सांस्कृतिकतालाई प्रस्तुत गरिएको छ । नारी केवल पुरुषको सुश्रुषाका लागि जन्मिएका तथा तिनको भूमिका पुरुष पहिचानमै अन्तर्निहित रहने भएकाले नेपाली समाजमा नारी सदैव किनारामै रहने तथा ती पुरुषमा अन्तर्निहित पहिचानका साथै अधीनस्थ समूहकै भूमिकामा रहने कथ्यसन्देश प्रस्तुत गरिएको यस गीत्यांशमा नेपाली नारी कुन हदसम्म दमित छन् भन्ने पक्षको यथार्थ चित्रण गरिएको छ। पितृसत्तात्मक संस्कृतिका कारण अधिनस्थ भएर बाँच्ने नेपाली नारीको अवस्थालाई वस्तुपरक चित्रण गर्ने गण्डकी प्रदेशका रत्यौली गीतमा विभेदको अभिव्यक्ति पनि मुख्य विषयका रूपमा अभिव्यक्त भएको छ ।

## गण्डकी प्रदेशका रत्यौली गीतमा विभेद

नारीवादमा विभेदको विषयलाई मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ । विभेद समाजमा क्रियाशील सामाजिक समूहका बिचमा गरिने पक्षपातपूर्ण चरित्रको प्रकटीकरण हो । सामाजिक संरचनामा रहेका जाति, वर्ग, लिङ्ग, धर्म, संस्कृति, रङ, भूगोल, भौतिक, मानसिक, फरक क्षमता, अपाङ्गताजस्ता पहिचानलाई किनारीकृत गरी यस प्रकारका समूहमाथि गरिने पक्षपातपूर्ण व्यवहार नै समाजमा विभेद सिर्जना गर्ने माध्यम हुन् (मेरी, सन् २००७, पृ. ९१) । समाजमा सांस्कृतिक र विचारधारात्मक पक्षलाई आधार बनाई गरिने असमान व्यवहारबाट विभेदको सिर्जना हुन्छ। पुरुषवाचक र महिलावाचक द्विचरक्रमका आधारमा निर्माण भएको सोपानक्रम नै उत्पीडन र विभेद सिर्जना गर्ने कारक हो भने यसलाई सङ्केत गर्ने प्रतीकात्मक प्रणाली र अर्थबोधको

ज्ञानले यसलाई संस्कृतीकरण गर्नका लागि सहजीकरण गरेका छन् (टङ, सन् १९८९, पृ. २) । सांस्कृतिक निर्मितिमा लिङ्गका आधारमा गरिने असमान र पक्षपातपूर्ण व्यवहार तथा संस्कृतिका माध्यमबाट विभेद सिर्जना गरिएको हुन्छ । व्यक्तिको शरीरलाई सांस्कृतिक भाष्यका नाममा नियन्त्रण गरी पुरुषको मनोविज्ञानका आधारमा सञ्चालित हुनु तथा शक्तिसम्बन्धमा एकत्ववादी विषयको उपस्थापन गरिएका कारण लैङ्गिक रूपमा नारीमाथि हुने विभेद र उत्पीडनले सांस्कृतिक स्वरूप प्राप्त गरेको हो (बटलर, सन् १९९०, पृ. ६) । नेपाली समाजको सांस्कृतिक निर्मितिअनुसार पितृसत्तात्मक संस्कृतिको वर्चस्वका कारण नारीमैत्री परिवेश सिर्जना हुनसकेको छैन भनै जैविक संरचनालाई सांस्कृतिकता प्रदान गरिएका कारण नारीविभेदको विषय मुख्य समस्याका रूपमा स्थापित भएको छ । नेपाली समाजमा व्याप्त लैङ्गिक असमानता र विभेदको विषयलाई गण्डकी प्रदेशका रत्यौलीले प्रतिबिम्बन गरेका छन् । नारीलाई पुरुषसरह पहिचान नदिइएको नेपाली समाजको वास्तविकतालाई यस प्रदेशमा गाइने निम्नलिखित गीतिअंशले प्रस्तुत गरेका छन् :

माया बसेजस्तो गरी शरीर खानी बेला
पैला ल्याउँछन् ललाइफकाई पछि गर्छन् हेला

(पार्वती तिवारी, वर्ष ५५, देवचुली नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा नारीलाई भोग्या मान्ने पितृसत्तात्मक संस्कृतिको अनुयायी पुरुषले नारीलाई वासनाका दृष्टिले मात्र अस्तित्वशाली ठान्ने विषयलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको छ । जैविक निर्मितिका आधारमा नारीपुरुष समान भए पनि यसलाई संस्कृतीकरण गरी पुरुषलाई वर्चस्वशाली तथा नारीलाई पुरुषमा निर्भर बनाई नारीमाथि दमन गर्ने संस्कृतिलाई प्रतिविम्बन गर्ने यस गीत्यांशमा नारीलाई वस्तुका रूपमा लिने पुरुषमा विद्यमान सोच सत्ताप्रदत्त रहेकाले पुरुषको दृष्टिकोण नारीप्रति विभेदकारी नै रहने नेपाली समाजको अन्तर्यलाई प्रस्तुत गरिएको छ । पुरुषप्रधान समाजमा नारीलाई दमन गरी नारीलाई आफ्नो स्वार्थसाधनाको माध्यम मान्ने संस्कृतिको वास्तविकतालाई प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशमा नारीका कार्यलाई अस्वीकार गर्ने संस्कृतिका कारण सृजित विभेदको अभिव्यञ्जना निम्नलिखित अंशमा अभिव्यक्त भएको छ :

यो घरको ऋण मैले खा को
चट्ट छोडी हिँड्न नि नभाको ।

(कल्पना न्यौपाने, वर्ष ५४, बेसीसहर नगरपालिकाबाट सङ्कलन) ।

प्रस्तुत गीत्यांशमा आफूलाई पारिवारिक सत्ताको केन्द्र मान्ने पुरुषको नारीविरोधी कार्यका कारण उत्पन्न आक्रोशका माध्यमबाट विभेदको प्रस्तुति भएको छ । सांस्कृतिक सम्बन्धमा परिवारको केन्द्र रहेको पुरुष नारीलाई पारिवारिक दायित्व थुपारेर आफू स्वतन्त्र र सर्वशक्तिमान भएको दाबी गर्ने सामाजिक निर्मिति र सोचलाई प्रस्तुत गरिएको यस गीत्यांशमा नारीले गरेका कार्यलाई समेत आफ्नो बनाई यश लिने पुरुष नै नारीमाथि विभेद सिर्जना गर्ने कारक रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । पुरुष सदैव सत्ताको केन्द्र र नारी किनारामा रहेका कारण लैङ्गिक रूपमा नारी उत्पीडनको विषयले सांस्कृतिक स्वरूप ग्रहण गरेको नेपाली समाजको वास्तविकतालाई प्रस्तुत गर्ने यस गीत्यांशमा अनुत्पादक गृहस्थीमा बाँच्ने पुरुष

पनि सर्वसत्तावादी पितृसत्ताका कारण सदैव महिमामण्डित भइरहने सांस्कृतिकताको अभिव्यञ्जना भएको छ। छोरी भएर जन्मनु नै विभेदको पहिलो शर्त रहने नेपाली समाजको सांस्कृतिक अन्तर्वस्तुलाई गण्डकी प्रदेशमा प्रचलित निम्नलिखित गीतिअंशले प्रस्तुत गरेका छन् :

हे बाबा म छोरी हैन र ?
दाइलाई अंश मेरो केही छैन र ?
दियौ बाबा माया नै मारेर
अरिकैलाई किरिया सारेर ।
लिप्न पर्नी अर्केको भित्तो
जन्म दिनी आमाको काख रित्तो ।
म कति बसनी छु र
माइतीघर मेरै हो भनेर ।
माइतीघर के छ र मेरो
खाइयो पानी बिर्सिइयो पँधेरो ।
हाँसीहाँसी बोल्दिनुहोला
एक्लो छोरा एकली बुहारी ।
दिदीबहिनी दुई दिनका पाहुना
हुन्न बाबु बाउआमा रुवाउन ।
लिन्थें भने छोराको जुनी
पाल्थें आमा भनेर नहुनी ।
टोपी धुँदा भाइ सानो हुँदा
कल्ले कठै भन्यो र म रुँदा ।

(सीता पीसी, वर्ष ४८, कुस्मा नगरपालिकाबाट सङ्कलित) ।

प्रस्तुत गीत्यांशमा छोरी पारिवारिक उत्तरदायित्व बहन गर्न नसक्ने, अर्काको चूह्लोचौकामा सीमित भएर जीवन गुजार्नु पर्ने, एउटै आमाले जन्माएको पुलिङ्गधारी पुरुष सत्तासीन हुँदा छोरी त्यसको सेविका हुनुपर्ने तथा विवाह संस्थाद्वारा सिर्जना गरिएको विभेदकारी संस्कृतिका कारण नारी अझ अर्काकै सेवासुश्रुषा गरेर बाँच्नु पर्ने विषयलाई प्रस्तुत गरिएको छ। यस गीत्यांशको अन्तर्वस्तु भन्नु नै नारीमाथि गरिने विभेद तथा त्यसको सांस्कृतिक निर्मितिको अभिव्यञ्जना हो । जन्मकै आधारमा छोरो पैतृक सम्पत्तिको उत्तराधिकारी तथा छोरी पराई धन भन्ने विभेदकारी ज्ञानको उत्पादन, वितरण र उपभोगका कारण लैङ्गिक रूपमा नारीमाथि हुने विभेदको आरम्भ गर्भाशयबाटै आरम्भ हुने विषयलाई यस गीत्यांशले प्रस्तुत गरेको छ। परम्परागत संस्कार र संस्कृतिका नाममा नारीलाई विभेद गर्ने ज्ञान तथा प्रक्रिया विरुद्ध नारीप्रतिरोधको समेत अभिव्यञ्जना गरिएको यस गीत्यांशमा पुरुष हुँदैमा सर्वसत्ताको अधिपति तथा नारी हुँदैमा दासी भएरै जीवन निर्वाह गर्नुपर्ने कुप्रथा विरोधी अभिमत प्रस्तुत गरिएको छ। पितृसत्ता विरोधी नारी प्रतिरोधको प्रस्तुति भएको यस गीत्यांशमा नेपाली समाजमा विद्यमान नारीविभेदको वास्तविकतालाई तथ्य र कारणसहित प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशमा गाइने रत्यौली गीतमा छोरी भएर जन्मनु नै श्रापित रहेको विषयको अभिव्यञ्जना निम्नलिखित गीतिअंशमा भएको छ :

छोरी भइयो हारेर आइयो
अब सुख खोजेर काँ पाइयो ।

(छममाया छन्तेल, वर्ष ३७, गल्कोट नगरपालिकाबाट सङ्कलित)

प्रस्तुत गीत्यांशमा नेपाली समाजमा छोरी भएर जन्मनु नै श्रापित रहेको कथ्यका माध्यमबाट सामाजिक र संस्कृतिक वस्तुतालाई प्रस्तुत गरिएको छ । नेपाली समाजको सांस्कृतिक निर्मिति अध्यात्मवाद अनुप्राणित पितृसत्तात्मक छ । यहाँ इहलोकमा शान्ति तथा परलोकमा मोक्षका लागि पुलिङ्ग सन्तान नै सुख र मोक्षका आधार मानिन्छन् । नेपाली समाजको यही अन्धविश्वासका साथै विवाहसंस्थाले

निर्धारण गरेका पद्धतिअनुसार नारी विवाहपछि आफ्नो घरमा बस्न नपाउने र अर्काकै दासत्वमा रहनुपर्ने सांस्कृतिकताका कारण उत्पन्न विभेदका वास्तविक रूप चित्रण गरिएको यस गीतीअंशमा छोरी हुनु नै सांस्कृतिक रूपमा विभेद तथा जन्म र नियतीका आधारमा श्रापित हुने यथार्थको प्रतिबिम्बन भएको छ। लैङ्गिक रूपमा जन्मसिद्ध विभेदको संस्कृति निर्धारण भइसकेको नेपाली समाजमा नारी विभेदलाई नै लिएर जन्मने तथा नारीमाथि विभेद सिर्जना गर्ने अनेकौं सांस्कृतिक नियमलाई प्रथा, परम्परा, नियती, भाग्य र अन्धविश्वासमा आधारित कुप्रथाको संस्कृति बनेको विषय यस गीत्यांशमा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशका रत्यौली गीतमा पितृसत्ताको प्रतिनिधिका रूपमा छोराको जन्म भए पनि आश्रितप्रति सद्भावका स्थानमा विभेदलाई ग्रहण गर्ने सन्तानबाट पीडित आमा तथा परिवारका अन्य नारीको पीडामा अभिव्यक्त विभेदलाई निम्नलिखित गीतिअंशमा प्रस्तुत गरिएको छ :

छोरो पाउनी दिन कस्तो थियो नि
आज छोरो बिरानू भयो नि ।
बुढेसकालमा मन मेरो रुन्छ कि
छोरो पनि एकोहोरो हुन्छ कि ?

(दुर्गा सुवेदी, वर्ष ४३, पर्वतबाट सङ्कलित)

प्रस्तुत गीत्यांशमा इहलोक, परलोक, कामना, मोक्ष, प्रथा, परम्परा तथा संस्कृतिका रूपमा नारीमाथि अधिकार स्थापित गर्न जेजस्तो सांस्कृतिक विधान निर्माण र निर्धारण गरिए पनि पितृसत्तालाई विचारधारात्मक वैधता दिने प्रतिनिधि जुनसुकै कार्य र भूमिकामा भए पनि नारीमाथि दमन, शोषण र उत्पीडनका लागि अग्रसर रहने विषयमा माध्यमबाट नारीमाथि विभेद भइरहेको विषयलाई प्रस्तुत गरिएको छ । यस गीत्यांशको अन्तर्वस्तु पितृसत्ताको प्रतिनिधिका रूपमा पति, छोरो, भाइ, बाबु वा अन्य जोसुकै परम्परित सम्बन्धमा रहे पनि वस्तुतामा ती शासकका प्रतिनिधि रहेको तथा तिनले जुनसुकै भूमिकाका नारीमाथि जुनसुकै समयमा सत्ताको रौरव देखाई शोषण, उत्पीडन र विभेदको संस्कृतिलाई निरन्तरता दिने विषयको अभिव्यञ्जनामा केन्द्रित छ। नारीमाथि गरिने विचारधारात्मक विभेद समाजमा आमाछोराबिचको सम्बन्धमा पनि विद्यमान छ भने यसभन्दा इतरको सांस्कृतिक सम्बन्धमा यसको अवस्था विकराल हुनु स्वाभाविक हो । नेपाली समाजमा पितृसत्तात्मक विचारधाराका कारण विभेदको सिकार भएका नारी उत्पीडित र किनारीकृत पहिचान प्राप्त समूहकै प्रतिनिधि रहेको विषय गण्डकी प्रदेशका रत्यौली गीतमा अभिव्यक्त विभेदको विषय हो ।

## निष्कर्ष

नेपालको मध्यभागमा अवस्थित गण्डकी प्रदेश लोकसंस्कृति र साहित्यका दृष्टिले सम्पन्न प्रदेश हो । भौगोलिक दृष्टिले हिमाल, पहाड र तराईक्षेत्रमा विस्तारित यस प्रदेशमा जातिगत, भाषिक र सांस्कृतिक बहुलताको प्रतिनिधित्व रहेको देखिन्छ । मानवीय संस्कृतिका रूपमा परम्परादेखि प्रचलनमा रहेका विभिन्न माङ्गलिक कार्यलाई केन्द्रविन्दुमा राखी गायन गरिने गीतको प्रचलन नेपाली समाजको सांस्कृतिकतालाई प्रतिबिम्बन गर्ने माध्यम हो । नेपाली संस्कृतिको प्रतिनिधित्व गर्ने रत्यौ ली गीत आफैंमा सांस्कृतिकताको बाहक हो भने गण्डकी प्रदेशमा यस गीतको प्रचलन जीवन्त संस्कृतिका रूपमा देखिन्छ । नेपाली सांस्कृतिकता र तथा विचारधारात्मक पक्षलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएका यस प्रदेशका रत्यौली गीतमा नारीपहिचानको

विषयलाई सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ। नेपाली समाजमा संस्कृतिको केन्द्रमा अवस्थित अध्यात्मवादी पितृसत्ताका कारण उत्पीडित र किनारीकृत पहिचान भएका नारीआवाजको प्रस्तुतीकरण पाइने गण्डकी प्रदेशका रत्यौली गीतमा पुरुषमा आश्रित नारीपहिचान तथा अपरिचयीकरणको अभिव्यञ्जना गरिएको पाइन्छ । पुरुषकेन्द्री विचारधाराका साथै अध्यात्मवादी मान्यताका कारण नारीको जन्म नै श्रापित ठान्ने अन्धविश्वासी संस्कृतिबाट जेलिएको नेपाली समाजमा नारीलाई पुरुषसरह पहिचान दिने विषयमा शून्यता देखिन्छ भने नारी केवल पुरुषका लागि बनेका हुन् भन्ने तथ्यलाई विवाहसंस्थाका माध्यमबाट नियन्त्रण र दमन गरिएको विषयलाई यी गीतले अन्तर्वस्तुका रूपमा प्रस्तुत गरेका छन् । सामाजिक संरचनाका जुनसुकै तहमा पनि नारीअधिनस्थताको अभ्यास भइरहेको नेपाली समाजको यथार्थ अङ्कन गरिएका रत्यौली गीत गाइने गण्डकी प्रदेशका नारीद्वारा आफ्ना अन्तर्वेदनालाई प्रस्तुत गर्ने तथा मानसिक पीडालाई क्षणिक विश्राम दिने प्रयोजनका लागि गाइएका गीतमा विभेदीकृत र अपरिचयीकरणका कारण दमित बनेको नारीपहिचान अभिव्यञ्जित रहेको निष्कर्ष प्राप्त हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


अनुपम, श्रीकृष्ण (२०६४). *नेपाली लोकगीतको अध्ययन,* रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६६). *नेपाली साहित्यको परिचय,* फाइन प्रिन्ट ।

मुकारुङ, राजन (२०७०). *नेपाली लोकसंस्कृतिको पुनरावलोकन,* सङ्गीता प्रकाशन ।

राणाभाट, आलोकजङ्ग (२०६८). *गण्डकीका रत्यौली गीतहरू,* स्थानीय लोकअध्ययन समिति ।

उप्रेती, सञ्जीव. (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स ।

चैतन्य (२०७०). *सांस्कृतिक अध्ययनका आधार र अवधारणा.* भृकुटी पूर्णाङ्क १६ । पृ. १२०-१४५

पाण्डे, ज्ञानु. (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बुभायर, सिमोंद २०७५). *द सेकेन्ड सेक्स.* रमेश सुनुवार (अनु.) (दोस्रो संस्क.), प्रगति पुस्तक सदन ।

Barkar, C. (2002). *Making Sense of Cultural Studies*, SAGE

Barker, C. (2003). *Cultural Studies: Theory and Practice* (4th Ed.). Sage.

Barker, C. (2004). *The Sage dictionary of cultural.* Studies, Sage.

Bhasin, Kamala. -1998_. *What Is Patriarchy*? -2nd edition_, Kali For Women's Publication.

Butler, Judith (1990). *Gender Trouble: Feminism and the Subversion of Identity*. Routledge.

During, S. (1993). *The cultural studies reader*. Routledge.

Edger A. & Pitter Sedgwick (2004). *Key concepts of cultural theory*. Routledge.

Gramsci, A. (1971). *Selections from the Prison Notebooks*. International Publishers.

Gramsci, A. (2006). "(i) History of the Subaltern Classes (ii) The Concept of Ideology; (iii) Cultural Themes: Ideological Material". [In Gigi, Minakshi Durham & Kellner (eds.). *Media & Cultural Studies*, Blackwell Publishing.

Larbar, J. (2005). *Gender inequality*. Raxbery publication house.

Larner, G. (1986). *The Creation of Patriarchy*, Oxford University Press.

Merry, L. (2007). "Sexuality". *The women's movement today : Am encyclopedia of third wave feminism* vol. 1 (Ed. Lesli L Heywood), Rawat Publication.

Reger, J. (2007). Identity. *The women's movement today : An Encyclopedia of third wave feminism* vol. 1 (Ed. Lesli L Heywood), Rawat Publication.

Tolan, F. (2006). Feminism. *In Literary theory & criticism* (Ed.) Patricia Waugh, Oxford Indis Ltd. Pp. 319-339.

Tong, R. (1989). *Feminist thought*. Westview Press.

## रत्यौली गीतमा नारी पहिचान शीर्षकअनुसार गीत सङ्कलन गरिएका व्यक्तिहरूको सूची

कमला देवकोटा, वर्ष ५६, पालुङटार नगरपालिका २, गोर्खा ।

कल्पना न्यौपाने, वर्ष ५४, बेसीसहर नगरपालिका वडा नम्बर १०, लमजुङ ।

गङ्गाजमुना पौडेल, वर्ष ८२, कुस्मा नगरपालिका, वडा नै ३, दुर्लुङ, पर्वत ।

चन्द्रप्रभा सुवेदी, वर्ष  ७९, बेनी नगरपालिका वडा नम्बर ९ घतान तीनमाने, म्याग्दी ।

छममाया छन्तेल, वर्ष ३७, गल्कोट नगरपालिका हरिचौर बाग्लुङ ।

जमुना पोखरेल, वर्ष ५४, कुस्मा नगरपालिका वडा नम्बर आठ चुवा पर्वत ।

दुर्गा सुवेदी, वर्ष ४३, कुस्मा नगरपालिका कुस्मा बजार पर्वत ।

पार्वती तिवारी, वर्ष ५५, देवचुली नगरपालिका वडा नम्बर ५, नवलपुर ।

भवानी अधिकारी, वर्ष ५२, पुतलीबजार नगरपालिका १ स्याङ्जा ।

मोक्षदा ढकाल, वर्ष ४७, व्यास नगरपालिका ४, तनहुँ ।

लक्ष्मी आचार्य, वर्ष ४९, पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर १, कास्की ।

लक्ष्मी रेग्मी, वर्ष ७३, बेनी नगरपालिका वडा नम्बर ८, बेनी बजार, म्याग्दी ।

शकुन्तला शर्मा, वर्ष ५४, बाग्लुङ नगरपालिका २, बागलुङ ।

सरिता शर्मा, वर्ष ४५, बेनी नगरपालिका वडा नम्बर २, बगरफाट ज्यामरुक म्याग्दी ।

सीता तिवारी, वर्ष ४८, सुन्दरबजार नगरपालिका १० बेल्कोटगढी, लमजुङ ।

सीता पीसी, वर्ष ४८, कुस्मा नगरपालिका पिपलटारी पर्वत ।